दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

हामी बोलेर मात्र
हाेइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका
प्रमुख शहरहरूमा पठाउनु परेमा
हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोनः- ०७१५४२५७१

वर्ष ३८ | अंक २६६ | बुटवल | २०८३ असोज २६ गते, सोमबार | नेपाल संवत ११४६ | Monday October 12, 2026 | पृष्ठ ४ | मूल्य रु. १० मात्र | Lumbini

# बूढीगण्डकी बाढीले सय घर-गोठ बगायो, १० जना बेपत्ता

पहाडी भेगको नदी किनारका सडक, पुल र जलविद्युत् आयोजना निरन्तर बाढीको चपेटामा पर्दा मुलुकले डेढ महिना अन्तरमा अर्बौं रुपैयाँ बराबर क्षति बेहोर्नुपरेको छ।

लुम्बिनी संवाददाता

*बुटवल*

बूढीगण्डकी बाढीमा परी उत्तरी गोरखाका सय बढी घरहरू बगेका छन् । आइतबार बिहान उत्तरी गोरखाको चुमनुब्री गाउँपालिका-६ स्थित उङ्लिुङ खोलामा सुक्खा पहिरो खसेको थियो ।

बिहान करिब ४ बजेतिर खसेको पहिरोले सो खोला थुनिएको र एक्कासी खोलिँदा बाढी आएको बाढी पूर्वानुमान महाशाखाको भनाइ छ । महाशाखाका अनुसार चुमनब्री-६ तुम्जेमा पहिरो जाँदा उङ्लिुङ खोला थुनिएको र एक्कासी खोलिँदा बाढी आएको हो । भू-उपग्रहले लिएको तस्बिरका अनुसार शनिबार साँझ नै पहिरो गएको महाशाखाको भनाइ छ ।

उङ्लिुङ खोलातर्फबाट बूढीगण्डकीमा आएको बाढीले गोरखाको चुमनुब्री, धार्चे र आरुघाट क्षेत्रमा ठूलो क्षति पुऱ्याएको छ । चुमनुब्री गाउँपालिकाको लोक्पा, न्याकफेदी, सिर्दिबास, सल्लेरी र जगत क्षेत्रमा क्षति पुगेको हो । यस्तै, धार्चे गाउँपालिकाको दोभान, माछीखोला, यारुबगर र आरुघाट गाउँपालिकाको सोती र आरुघाट बजारमा क्षति पुगेको जिल्ला प्रशासन कार्यालय गोरखाले जनाएको छ ।

बाढीमा परेर उङ्लिुङ भेडीगोठमा बस्ने चुमनुब्री-६ चुन्चेतका पाँच जना सम्पर्कविहीन बनेका सहायक प्रमुख जिल्ला अधिकारी नेत्रप्रसाद शर्माले बताए । सोही क्षेत्रको धाउलेमा बस्ने तीन घरका पाँच जना पनि सम्पर्कविहीन रहेको स्थानीय दिपेश लामाको भनाइ छ ।

बाढी प्रभावित क्षेत्र गोरखाको चुमनुब्री, धार्चे र आरुघाट गाउँपालिकामा हालसम्म दुई वटा मोटरेबल र चार वटा झोलुङ्गे पुल बगाएको उल्लेख छ । गोरखाको आरुघाट र धादिङको त्रिपुरासुन्दरी जोड्ने मोटरेबल पुल बाढीले बगाएको हो । यस्तै, आरुघाटको सोती र मान्बु जोड्ने पक्की पुल पनि बगाएको आरुघाट गाउँपालिकाका अध्यक्ष राजु गुरुङले जानकारी दिए । बूढीगण्डकीको बाढीले धार्चे गाउँपालिका-१ र ३ जोड्ने बेलिब्रिजसमेत बगाएको छ । यसैगरी, माछीखोला र केरौंजा जोड्ने झोलुङ्गे पुल, चुमनुब्रीको ठाडो भर्याङ र जगत जोड्ने पुलर चुमनुब्रीकै घट्टेखोला र फिलिम जोड्ने झोलुङ्गे पुलसमेत बगाएको चुमनुब्री गाउँपालिकाकी उपाध्यक्ष लक्ष्मी गुरुङले बताइन् ।

दसैंको मुखमा आएको बाढीले गाउँबस्ती जाने पुल नै बगाएको धार्चे गाउँपालिकाका अध्यक्ष लक्ष्मण गुरुङ बताउँछन् । 'माछी खोलाको पुल बगाउँदा केरौंजा, लामावेशी, रुन्चेतलगायत गाउँबस्ती जाने बाटो



बन्द भयो', उनले भने-'दसैंको मुखमा हामीलाई ठूलो विपत्ति आइपऱ्यो ।'

चुमनुब्री-३ फिलिमकी कुमारी गुरुङले पनि जताततै पुल बगाउँदा दशैंमा घर जाने बाटो बन्द भएको बताइन् । 'हामी त अब यहीं थुनियौं, तलबाट घर आउनेहरूको बाटो पनि बन्द भयो । यहाँ आउने हेलीकप्टरबाहेक अन्य उपाय छैन ।'- उनले भनिन् ।

बाढीले चुमनुब्री-६ सिर्दिभीरको क्यान्टिलिभर पुलसमेत बगाएको पालिकाको प्रमुख प्रशासकीय अधिकृत नारायण सापकोटको भनाइ छ । सर्दिभीरको क्यान्टिलिभर पुल उत्तरी गोरखाको चुमनुब्री गाउँपालिका-६ चुम्लिङ र वडा नं ७ छेकम्पारका गाउँबस्ती पुग्ने एकमात्र साहारा हो । बूढीगण्डकीको बाढीले चुमनुब्री गाउँपालिका-३ घट्टेखोलास्थित विकास आधारभूत विद्यालयको भवनसमेत बगाएको प्रमुख प्रशासकिय अधिकृत नारायण सापकोटाको भनाइ छ ।

बाढीका कारण उत्तरी गोरखाको तीन वटा हाइड्रोपावर आयोजनामासमेत क्षति पुगेको छ । चुमनुब्री-३ सल्लेरीस्थित सहज ऊर्जा प्रालिको पावर हाउस र लेबर क्यापमा बाढीले बगाएको हो । यस्तै, धार्चे गाउँपालिका-१ यारु र दोभानमा रहेको दुई वटा हाइड्रोपावर आयोजनामा क्षति पुगेको धार्चेका अध्यक्ष लक्ष्मण गुरुङले बताए ।

बाढीले सल्लेरीको हाइड्रोपावर बगाउँदा न्याक, फिलिम, चिसापानी, नाग्चेत, घट्टेखोला, पाङसिङ, जगत, सल्लेरी, भालुवाङ, सिर्दिबास, जगत, उहियालगायत गाउँबस्ती विद्युत्विहीन बनेको गुरुङको भनाइ छ ।

बाढीले चुमनुब्री गाउँपालिकाको उङ्लिुङ खोला क्षेत्रका चार गोठ बगाएको छ । यस्तै, बूढीगण्डकी किनारमा पर्ने सल्लेरी, घट्टेखोला, पैंयु, दोभान र बगरका करिब ३१ घरधुरी बगाएको सहायक प्रमुख जिल्ला अधिकारी नेत्रप्रसाद शर्माको भनाइ छ । शर्माका अनुसार धार्चे गाउँपालिकाको माछीखोला, यारुबगर र दोभानका करिब ५० घरधुरी र आरुघाट गाउँपालिकाको सोतीका करिब १५ घरधुरीमा क्षति पुगेको छ ।

बूढीगण्डकी नदीमा आएको बाढीमा परेर अलपत्र परेकाहरूको हेलीमार्फत उद्धार गरिएको छ । चुमनुब्री गाउँपालिका-३ न्याकफेदीमा फसेका नौ जनालाई हेलिकोप्टरमार्फत उद्धार गरेर न्याक गाउँ लगिएको सहायक प्रमुख जिल्ला अधिकारी नेत्रप्रसाद शर्माले बताए ।

यस्तै, धार्चे गाउँपालिका-१ यारुबगरमा फसेका एक विदेशी नागरिकसहित १८ जनाको पनि हेलीमार्फत् उद्धार भएको उनले जानकारी दिए । उनका अनुसार यारुबगरमा फसेका पर्यटक, स्थानीय र हाइड्रोपावरमा कार्यरत्त १८ जनालाई हेलीमार्फत हुल्चुक गाउँमा लगिएको हो ।

हेलीले मनास्लु क्षेत्रमा अलपत्र परेका ९० जना पर्यटक, गाइड र भरियाहरूको पनि उद्धार गरेको छ ।

» बाँकी ३ पेजमा

## विपद्मा सरकारको मन सांघुरो : ओली

बुटवल । नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले विपद् व्यवस्थापनमा सरकार पूर्णरूपमा चुकेको भन्दै तीव्र आलोचना गरेका छन् ।

गोरखाको बूढीगण्डकी नदीमा आएको बाढीपछिको अवस्थालाई लिएर सरकारको ध्यानाकर्षण गराउँदै ओलीले राष्ट्रिय विपत्तिको समयमा समेत सरकारले साँघुरो मन देखाएको आरोप लगाए । पार्टीको मिसन जागरण अभियानअन्तर्गत आइतबार आयोजित अगुवा कार्यकर्ता भेलालाई सम्बोधन गर्दै अध्यक्ष ओलीले सरकारी स्रोतसाधनको दोहन भएको गम्भीर आरोप लगाए । विपद्को बेला हेलिकोप्टरको दुरुपयोग भएकोतर्फ लक्षित गर्दै उनले भने-'सरकारी हेलिकोप्टर कुनै संस्थाको निजी सम्पत्तिजस्तो, कहिल्यै हेलिकोप्टर चढ्न नपाएको छ भने चढाउने अवसर मिलेजस्तो, त्यस्तो खालको स्थिति रह्यो ।'

यसअघि भोटेकोसी र त्रिशूली नदीमा आएको बाढीका बेला पनि उद्धारमा हेलिकोप्टरको चरम दुरुपयोग भएको स्मरण गराउँदै उनले थपे-'यसअघि भोटेकोशी र त्रिशूलीमा बाढी आउँदा सरकारले हेलिकोप्टर नियन्त्रण गर्ने, दुरुपयोग गर्ने तथा राहत र उद्धारका कार्य समयमै नगरेको अवस्था थियो । यसपटक त्यस्ता कुरा नदोहोरिऊन् भनेर म सरकारलाई आग्रह गर्न चाहन्छु ।'

अध्यक्ष ओलीले विपद् व्यवस्थापन जस्तो संवेदनशील विषयमा सरकारले फराकिलो सोच राख्न नसकेको जिकिर गरे ।

» बाँकी ३ पेजमा

# मंसिर पहिलो हप्तादेखि तिलोत्तमामा व्यापार मेला




तिलोत्तमा । रुपन्देहीको तिलोत्तमा उद्योग वाणिज्य संघले स्थानीय उत्पादनको बजारीकरण, औद्योगिक विकास, व्यापार विस्तार, कृषि तथा प्रविधिको प्रवर्द्धन र पर्यटन विकासलाई केन्द्रमा राखेर चौथो राष्ट्रिय औद्योगिक व्यापार मेला आयोजना गर्ने भएको छ । आगामी मंसिर ३ देखि १६ गतेसम्म तिलोत्तमा नगरपालिका-४, मणिग्रामस्थित अस्थायी प्रदर्शनीस्थलमा सञ्चालन हुने मेलामा पाँच लाखभन्दा बढी दर्शक सहभागी गराउने र १२ करोड रुपैयाँभन्दा बढीको कारोबार गर्ने लक्ष्य आयोजकले लिएको छ ।

संघले आइतबार पत्रकार सम्मेलन गरी मेलाको तयारी, व्यवस्थापन, प्रदर्शनीमा समेटिने क्षेत्र तथा मनोरञ्जनात्मक कार्यक्रमबारे जानकारी दिएको हो । संघका अध्यक्ष ज्ञानेन्द्र कार्कीले मेला स्थानीय उद्यमी तथा व्यवसायीलाई आफ्नो उत्पादन र सेवा राष्ट्रिय बजारसम्म पुऱ्याउने अवसरका रूपमा विकास गर्न खोजिएको बताए ।

उनका अनुसार मेलामा ३५० भन्दा बढी स्टल रहनेछन् । औद्योगिक तथा व्यावसायिक उत्पादन, कृषि उपज, प्रविधि, पर्यटन र सेवामूलक व्यवसायसँग सम्बन्धित सामग्री प्रदर्शनीमा राखिनेछ । यसबाट उपभोक्ताले विभिन्न उत्पादनबारे प्रत्यक्ष जानकारी लिन, उत्पादकसँग सम्पर्क स्थापित गर्न र व्यवसायीले आफ्नो बजार विस्तार गर्न सक्ने आयोजकको अपेक्षा छ ।

'मेलालाई व्यापारिक कारोबारमा मात्र सीमित नराखी स्थानीय उत्पादन, उद्यमशीलता र आर्थिक गतिविधि विस्तारको साझा मञ्च बनाउने हाम्रो उद्देश्य हो,' अध्यक्ष कार्कीले भने-'पाँच लाखभन्दा बढी दर्शक सहभागी हुने र १२ करोड रुपैयाँभन्दा बढीको कारोबार हुने अपेक्षा गरेका छौं ।'

मेलाको प्रमुख उद्देश्य तिलोत्तमा तथा आसपासका क्षेत्रका उत्पादनलाई उपभोक्ता र व्यवसायीसम्म पुऱ्याउनु हो । स्थानीय उद्योग, कृषि व्यवसाय, साना तथा मझौला उद्यम र घरेलु उत्पादनलाई एउटै स्थानमा प्रदर्शनी तथा बिक्रीको अवसर उपलब्ध गराएर तिनको बजार पहुँच विस्तार गर्ने योजना आयोजकले बनाएको छ ।

मेलामा स्वदेशी उत्पादनको बजारीकरणलाई विशेष प्राथमिकता दिइनेछ । उत्पादनको प्रदर्शनी र बिक्रीसँगै उपभोक्ता, वितरक, व्यवसायी तथा सम्भावित ग्राहकबीच सम्पर्क स्थापित गर्न सकिने भएकाले स्थानीय उद्यमीलाई नयाँ व्यावसायिक सम्बन्ध विस्तार गर्न सहयोग पुग्ने संघको विश्वास छ ।

कृषि, उद्योग, व्यापार, प्रविधि र पर्यटनलाई एकीकृत गरी तिलोत्तमाको आर्थिक पहिचान राष्ट्रियस्तरमा स्थापित गर्ने लक्ष्यसमेत मेलाले लिएको छ । यसले स्थानीय बजारमा आर्थिक गतिविधि बढाउनुका साथै उत्पादन तथा सेवाको प्रवर्द्धन र रोजगारी सिर्जनामा योगदान पुऱ्याउने अपेक्षा गरिएको छ ।

प्रदर्शनीमा औद्योगिक तथा व्यावसायिक उत्पादनसँगै कृषि उपज, प्रविधि र पर्यटनसम्बन्धी सामग्री राखिनेछ । होटल व्यवसायका लागि २० वटा स्टल छुट्याइएको छ भने अटोमोबाइल तथा सूचना प्रविधिसम्बन्धी स्टलको व्यवस्थापन माग र आवश्यकताअनुसार गरिने अध्यक्ष कार्कीले जानकारी दिए ।

विभिन्न क्षेत्रका व्यवसायलाई एउटै प्रदर्शनीस्थलमा समेट्दा उपभोक्ताले उत्पादन तथा सेवाको तुलना गर्न र व्यवसायीले आफ्नो वस्तु तथा सेवाको प्रचार गर्न सहज हुने आयोजकको अपेक्षा छ । मेलाले नयाँ व्यावसायिक सम्भावना पहिचान गर्न तथा स्थानीय र बाह्य व्यवसायीबीच सम्बन्ध विस्तार गर्नसमेत सहयोग पुऱ्याउने विश्वास गरिएको छ ।

मेलामा व्यापारिक गतिविधिसँगै तिलोत्तमाभित्र रहेका पर्यटकीय तथा धार्मिक स्थलको पहिचान गराउने सामग्री पनि प्रदर्शन गरिनेछ । स्थानीय पर्यटनका सम्भावना, धार्मिक सम्पदा र पर्यटकीय गन्तव्यबारे जानकारी दिएर आगन्तुकलाई क्षेत्रको पर्यटनसँग परिचित गराउने योजना छ ।

मेलालाई आकर्षक र मौलिक बनाउन प्रवेशद्वारको सजावटमा धार्मिक तथा सांस्कृतिक सम्पदालाई प्राथमिकता दिइनेछ । प्रवेशद्वारमा लुम्बिनीको प्रवेशद्वार, पशुपतिनाथ र मुक्तिनाथका संरचनालाई प्रदर्शनात्मक रूपमा प्रस्तुत गर्ने तयारी गरिएको अध्यक्ष कार्कीले बताए ।

यी संरचनामार्फत् नेपालको धार्मिक तथा सांस्कृतिक विविधता झल्काउने र आगन्तुकलाई देशका प्रमुख धार्मिक गन्तव्यबारे परिचित गराउने आयोजकको उद्देश्य छ । व्यापारिक मेलालाई सांस्कृतिक पहिचान र पर्यटन प्रवर्द्धनसँग जोड्ने प्रयासका रूपमा यसलाई लिइएको छ ।

मेलास्थलमा जलवायु परिवर्तनसम्बन्धी चेतनामूलक सामग्रीसमेत राखिनेछ । वातावरणीय चुनौती र त्यसबारे जनचेतना अभिवृद्धि गर्ने उद्देश्यले तयार गरिने सामग्रीले व्यापारिक प्रदर्शनीसँगै सामाजिक सरोकारका विषयलाई पनि स्थान दिनेछ ।

» बाँकी ३ पेजमा



दैनिक लुम्बिनी

## सम्पादकीय

# स्थायी सरकारको विधेयक

निजामति प्रशासनलाई समायानुकुल सुधारका लागि कोसेढुङ्गा मानिएको निजामति विधेयक संसद पुगेको छ। यो विधेयक संघीयता कार्यान्वयनसँग सम्बन्धित छ। शासन प्रणालीअनुसार कर्मचारी प्रशासन तयार नभइरहेको अवस्थामा विधेयक संसदमा पुग्नु सकारात्मक छ।

संविधान जारी भएको ११ वर्ष भयो। संविधान बनेको केही वर्षमै विधेयक संसद पुगेर कानुन बन्न सकेको भए अहिले निजामति प्रशासन सही बाटोमा अघि बढ्न सक्थ्यो। पटक-पटक विधेयक तयार हुने, संसद पुग्ने, तर कानुन नबन्ने अवस्था आयो। कानुन निर्माणको प्रक्रियामा अवरोध भयो। संघीय निजामती सेवा कानुन तर्जुको प्रक्रिया संसदले २०७५ देखि नै प्रयास अघि बढाएको थियो। राजनीतिक स्वार्थ, दबाब समूह र सरोकारवालाकै कारण पारित हुन सकेन्। सरकारले पहिलो पटक २०७५ माघ २७ मा संघीय निजामती सेवा विधेयक संसदमा दर्ता गरेको थियो। कानुन तर्जुमाको दोस्रो प्रयासस्वरूप सरकारले २०८० फागुन २१ मा प्रतिनिधिसभामा निजामती विधेयक दर्ता गरेको थियो। प्रतिनिधिसभाबाट पारित भई राष्ट्रियसभामा पठाइएको अवस्थामा प्रतिनिधिसभा विघटन भएपछि स्वतः निष्क्रिय भएको थियो। कानुन निर्माणमा हुने स्वार्थ समूहको अवरोधको यो एउटा नमूना हो।

निजामति प्रशासन स्थायी सरकार हो। राजनैतिक नेतृत्व आवधिक चुनावमार्फत् आउने भएकाले त्यसको समयावधि तोकिएको हुन्छ। कर्मचारी प्रशासनलाई चुनावले प्रभावित पार्दैन्, पार्नुहुन्न। राजनैतिक नेतृत्व नभए पनि निजामति प्रशासनले निरन्तर काम गर्छ। स्थायी सरकारलाई सही बाटोमा हिडाउने कानुन नै नबन्दाको मारमा शासन प्रणाली परेको तितो यथार्थ छ। अब यो विधेयक कानुन बन्दा निजामति प्रशासनलाई लयमा हिडाउने अपेक्षा गर्न सकिन्छ। सरकारले ल्याएको विधेयकमा यसअघि दुई पटक प्रतिनिधिसभाका समितिले गरेका सहमतिका धेरै प्रावधान समेटिएका छन्। सेवा प्रवेशमा समावेशिताको प्रतिशत, निजामती सेवा तथा समूहको गठन तथा प्रशासनिक संघीयताको समन्वयका विषय यो विधेयकमा समेटिएका छन्। विधेयकमा कर्मचारी ट्रेड युनियनको व्यवस्था उल्लेख गरिएको छैन। उपसचिव वा सो सरहको सेवा प्रवेशमा खुला प्रतिशत बढाउने प्रस्ताव गरिएको छ। विधेयकले प्रशासनिक अन्तरसम्बन्धको प्रस्ताव गरेको छ। प्रदेश सरकारको प्रमुख सचिव संघीय निजामती सेवाको हुनेछ। स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत स्थानीय सेवाकै पद हुनेछ।

पदपूर्ति नभएसम्म संघीय निजामती सेवाकै पदबाट खटाउन सकिने व्यवस्था विधेयकले प्रस्ताव गरेको छ। संघ, प्रदेश र स्थानीय तहबिचको प्रशासनिक अन्तरसम्बन्धका रूपमा संघीय निजामती कानुनलाई मागदर्शक मानिने व्यवस्था गरिएको छ। कर्मचारी समायोजन कानुनअनुसार निजामती सेवाको सहसचिव पदबाट प्रदेश निजामती वा स्थानीय सेवाको ११औँ तहमा समायोजन भएका कर्मचारीसमेत अधिकृत १३औँ (सचिव) बढुवाको उम्मेदवार हुन पाउने व्यवस्था छ। भौतिक रूपमा उपस्थित नभई कर्मचारीलाई सूचना प्रविधिको माध्यमबाट कामकाजको व्यवस्था मिलाउन सकिने, सुरु सेवा प्रवेश प्रतिस्पर्धाबाट समेत हुने पदमा सात वर्ष सेवा अवधि पूरा भएका कर्मचारीको अनिवार्य तह वृद्धि हुने व्यवस्था पनि छ। त्यस्तै विद्युतीय माध्यम वा सामाजिक सञ्जालमा टिप्पणी गर्न कडाइ गरिएको छ। विधेयकमा निजामती सेवा तहगत प्रणालीमा मुख्य सचिव १४औँ र सचिव १३औँ तहको हुने प्रस्ताव गरिएको छ। उप-सचिव (नवौँ तह) मा ४० प्रतिशत खुला प्रतियोगितामार्फत् पदपूर्ति गरिने प्रस्ताव गरिएको छ।

स्थायी सरकार निजामति प्रशासनलाई लयमा हिडाउन यो विधेयकलाई आगामी संसद अधिवेशनबाटै पारित गर्न पहलकदमी लिनुपर्छ। हिउँदे अधिवेशनबाटै पारित गर्नका लागि संसदको सक्रियता हुनुपर्छ।

# दुई दिन साप्ताहिक बिदा: शिक्षा र स्वास्थ्य क्षेत्रमा नेपालले सोंच्नुपर्ने प्रश्न !



ईन्द्रप्रसाद भुसाल



नेपाल सरकारले २०८२ साल चैत्र २३ गते पेट्रोलियम पदार्थको बढ्दो खपत घटाउने, प्रशासनिक खर्च नियन्त्रण गर्ने तथा ऊर्जा बचत गर्ने उद्देश्यसहित शनिबारसँगै आइतबार पनि सार्वजनिक बिदा दिने निर्णय गरेपछि देशमा व्यापक बहस सुरु भयो। प्रारम्भमा यो व्यवस्था सरकारी कार्यालयमा लागु गरिए पनि त्यसको प्रभाव शिक्षा, स्वास्थ्य, यातायात, बैंकिङ तथा निजी क्षेत्रमा समेत देखिन थाल्यो। विशेषतः शिक्षा र स्वास्थ्यजस्ता संवेदनशील क्षेत्रमा दुई दिने साप्ताहिक बिदा नेपालका लागि कत्तिको व्यवहारिक र सान्दर्भिक छ भन्ने प्रश्न अहिले पनि उत्तिकै गम्भीर रूपमा उठिरहेको छ। नेपाल सरकारको नयाँ निर्णयअनुसार २०८३ सालमा आइतबार पनि साप्ताहिक बिदा थपिएमा नेपालमा वर्षभरि शनिबार ५२ वटा र आइतबार पनि ५२ वटा गरि १०४ दिन बिदा हुनेछ। नेपाल राजपत्र (गृह मन्त्रालय) ले फागुन मा सार्वजनिक गरेको ३७ दिन सार्वजनिक बिदा थप गर्दा जम्मा १४१ दिन बिदा हुने देखिन्छ। यसमा अन्य स्थानिय बिदा, गर्मि बिदा तथा जाडो बिदा थप गर्न अझ बाकि छ। भारत (२१ दिन) पाकिस्तान (२० दिन) बङ्गलादेश (२८ दिन) र चीन (१३ दिन) सँग तुलना गर्ने हो भने नेपाल को ३७ दिन सार्वजनिक बिदा अत्याधिक हो।

विकसित देशहरूको अभ्यास हेरेर नेपालले पनि सोही मोडेल अपनाउने प्रयास गरेको देखिए पनि हाम्रा सामाजिक, आर्थिक, शैक्षिक तथा स्वास्थ्य संरचनाहरू विकसित मुलुकसँग तुलना गर्न मिल्ने अवस्थामा छैनन्। कुनै पनि नीति केवल अनुकरण कै आधारमा सफल हुँदैन। त्यसका लागि देशको अवस्था, उत्पादनशीलता, पूर्वाधार, नागरिकको पहुँच र संस्थागत क्षमता समेत ले निर्धारण गर्ने गर्दछ। युरोपियन तथा अमेरिकन देशहरूमा शनिबार-आइतबार दुई दिने साप्ताहिक बिदा लामो समयदेखि स्थापित अभ्यास हो। फिनल्यान्ड, नर्वे, जर्मनी फ्रान्स, क्यानडा अमेरिका जस्ता देशहरूमा नागरिकको कार्यघण्टा तुलनात्मक रूपमा कम भए पनि उत्पादनशीलता तथा उत्पदकत्व अत्यन्त उच्च छ। बिकसित देशहरुमा कामको मूल्य समयले भन्दा पनि प्रविधि, गुणस्तर र उत्पादकत्व ले मापन गर्दछ। विकशित देशहरूमा शिक्षा प्रणाली अत्यन्त व्यवस्थित छ। विद्यालय र विश्वविद्यालयहरूमा पर्याप्त प्रयोगशाला, पुस्तकालय, अनुसन्धान केन्द्र, डिजिटल स्रोत तथा अनलाइन सिकाइ प्लेटफर्मलगायत कोर्स पनि सोहीअनुसार उपलब्ध छन्। विद्यार्थीले सिकाइका अधिकाम्श कुरा विद्यालयमै सिक्ने गर्दछन् र कुनै कारण विद्यालय बन्द हुँदा पनि घरबाट निरन्तर विद्युतीय अध्ययन गर्न सक्छन्। शिक्षक-विद्यार्थी अन्तरक्रिया कक्षाकोठाभन्दा बाहिर पनि सम्भव रहन्छ। अमेरिकन र युरोपियन विश्वविद्यालयहरूमा सप्ताहान्त बिदा भए पनि अनुसन्धान, प्रयोगशाला, पुस्तकालय तथा अस्पताल सेवा भने सातै दिन सञ्चालन भइरहेका हुन्छन्। त्यहाँ स्वास्थ्य प्रणाली बलियो भएकाले बिरामीले उपचार नपाउने अवस्था प्रायः हुँदैन। सामाजिक सुरक्षा प्रणाली सुदृढ भएकाले नागरिकले उपचार खर्चका कारण घरबार गुमाउनुपर्ने स्थिति पनि हुँदैन।

तर एशियाली देशहरूको अभ्यास भने केही फरक छ। जपान, दक्षिण कोरिया, सिङ्गापुर चिन तथा थाइल्यान्ड जस्ता देशहरूले आर्थिक विकासको आधार नै अनुशासन, श्रम र लामो अध्ययन संस्कृतिलाई बनाएका छन्। थाइल्यान्डमा औसत दैनिक शिक्षण समय करिब ९.५ घण्टा पुग्ने अध्ययनहरूमा उल्लेख गरिएको छ। चीन र दक्षिण कोरियामा विद्यार्थीहरूले अतिरिक्त अध्ययन, परियोजना कार्य तथा सप्ताहान्त प्रशिक्षणलाई समेत नियमित प्रक्रियाका रूपमा लिन्छन्। भारतमा समेत धेरै निजी विद्यालय, कलेज र कोचिङ संस्थाहरू शनिबार सञ्चालन हुन्छन्। प्रतिस्पर्धात्मक परीक्षा, प्राविधिक शिक्षा तथा विश्वविद्यालयीय अध्ययनका कारण त्यहाँ अतिरिक्त अध्ययन को परिपाटिले ठूलो स्थान ओगटेको छ।

कक्षा ११ र १२ को NEB पाठ्यक्रम भार धेरै छ। भौतिकशास्त्र, रसायन, जीवविज्ञान, लेखाशास्त्र, अर्थशास्त्र प्रत्येकमा ५ क्रेडिट घण्टा चाहिन्छ। दुई दिन बिदाले वार्षिक कक्षा घण्टा झन्डै ४०-५० घण्टाले घटछ। कक्षा ११ र १२ माध्यमिक विद्यायालय भनिएको भएता पनि यो भविष्य निर्माणको निर्णायक चरण हो। यही तहले विद्यार्थीलाई चिकित्सा, इञ्जिनियरिङ, नर्सिङ व्यवस्थापन, सूचना प्रविधि, कानुन तथा विश्वविद्यालयीय उच्च शिक्षाको बाटो तय गर्दछ। नेपालको +२ शिक्षा प्रणाली अझै धेरै चुनौतीसँग संघर्ष गरिरहेको छ। कोर्षको प्रकृति हेर्दा विज्ञान संकायमा प्रयोगात्मक कक्षा, प्रयोगशाला अभ्यास तथा अतिरिक्त अध्ययन अत्यावश्यक हुन्छ। व्यवस्थापन र मानविकीमा समेत प्रस्तुतीकरण, अनुसन्धान तथा विश्लेषणात्मक अध्ययनको आवश्यकता बढिरहेको छ। कोभिड-१९ का कारण नेपालले झण्डै दुई वर्ष शैक्षिक क्षति व्यहोरेको थियो। ग्रामीण क्षेत्रका हजारौं विद्यार्थी नियमित पढाइबाट टाढिए। इन्टरनेट, डिजिटल उपकरण तथा वैकल्पिक सिकाइको अभावले ठूलो असमानता सिर्जना गऱ्यो। बिना मुल्याङ्कन नै बिधार्थिहरु कक्षा चढाइए। यस्तो अवस्थामा शैक्षिक सस्थाहरुलाइ दुई दिन बिदाको प्रभाबकारिता अस्वाभाविक र आत्मघाति हुन सक्छ। उत्तीर्ण प्रतिशत पहिले नै कमजोर भएको शिक्षण संस्थाहरुमा दुइदिने बिदा अभिभावक तथा विद्यार्थीको हितमा नहुने देखिन्छ।

नेपालका धेरै विद्यालयमा अझै समयमा पाठ्यपुस्तक पुग्दैनन, पर्याप्त प्रयोगशाला, पुस्तकालय वा डिजिटल पूर्वाधार छैन। धेरै विद्यार्थीको घरमा अध्ययन गर्ने उपयुक्त वातावरण समेत हुँदैन। धेरै विद्यार्थीहरुले अनलाइन कक्षा वा अतिरिक्त कक्षा लिन सक्दैनन्। गरिब तथा ग्रामीण क्षेत्रका विद्यार्थीका लागि विद्यालय नै मुख्य सिकाइ केन्द्र हो। यस्तो अवस्थामा विद्यालय सञ्चालन समय घटाइयो भने त्यसको असर सबैभन्दा बढी सिमान्तकृत वर्गमाथि पर्छ। तोकिएको पाठ्यक्रम पूरा गर्न हतारो हुन्छ। विद्यार्थीमा मानसिक दबाब बढ्छ र शिक्षा झन् व्यावसायिक करणमा रूपान्तरण हुने खतरा हुनेछ। नेपालका विश्वविद्यालयहरू अझै नियमित शैक्षिक क्यालेन्डर कायम गर्न संघर्षरत छन्। देशकै सबभन्दाजेठो र ठुलो त्रिभुवन युनिभर्सिटिलगायत धेरै विश्वविद्यालयमा परीक्षा ढिला हुने, नतिजा आउन महिनौं लाग्ने तथा अनुसन्धान संस्कृति कमजोर रहने समस्या कायमै छ।

युरोप र अमेरिकाका विश्वविद्यालयहरूमा दुई दिने बिदा भए पनि त्यहाँ अध्ययन केवल कक्षाकोठामा मात्र सीमित हुँदैन। विद्यार्थीले पुस्तकालय, अनुसन्धान केन्द्र, इन्टर्नशिप तथा अनलाइन मोडेलमार्फत् निरन्तर सिकाइ गरिरहेका हुन्छन्। विश्वविद्यालयका प्राध्यापकहरु अध्यान र अनुशन्धानमै खटिइरहेका हुन्छन्। तर नेपालमा विश्वविद्यालयीय अध्ययन पनि अझै कक्षा केन्द्रित छन्। धेरै विद्यार्थीले नोट घोकेर परीक्षा दिने परिपाटिबाट पूर्ण रूपमा मुक्ति पाएका छैनन्। विशेष गरी सरकारि विद्यालय र विश्वविद्यालयहरुमा नियमित पठन पाठन नहुनु, प्राध्यापकहरुले विद्यार्थीहरुलाई प्रशस्त समय नदिनु जस्ता समस्याको परिधि भित्र पाठ्यपुस्तक अथवा पाठ्यसामग्री नघटाइ शिक्षण समय घटाउनु भनेको शैक्षिक गुणस्तरलाई थप कमजोर बनाउनु हो। विज्ञान, चिकित्सा, नर्सिङ, इञ्जिनियरिङ तथा प्राविधिक शिक्षामा पर्याप्त प्रयोगात्मक समय अत्यावश्यक हुन्छ। शैक्षिक पूर्वाधारको विकास बिना विकसित देशहरूको मोडेल नक्कल गरेर मात्र नेपालको विश्वविद्यालय शिक्षा अन्तर्राष्ट्रिय स्तरको बन्न सक्दैन।

त्यसैगरी स्वास्थ्य क्षेत्रमा दुइदिने बिदाको प्रभाव अझ गम्भीर हुन सक्छ। कुनै पनि बिरामीले रोगलाई शनिबार र आइतबार भनेर पर्खँदैन। स्वास्थ्य सेवा राज्यको सबैभन्दा संवेदनशील दायित्व हो। नेपालमा अझै लाखौं नागरिक गुणस्तरीय स्वास्थ्य सेवाबाट टाढा छन्। सरकारले बिरामिका लागि कुनै विशेष सुविधा उपलब्ध गराउन सकेको छैन। विश्व बैंक र विभिन्न अध्ययनअनुसार नेपालमा कुल स्वास्थ्य खर्चको ५४ प्रतिशतभन्दा बढी हिस्सा नागरिकले आफैँ तिर्नुपर्छ। यसको अर्थ, सरकारी स्वास्थ्य सुरक्षा प्रणाली अझै कमजोर छ्। विभिन्न अध्ययनहरूले करिब १० प्रतिशत नेपाली नागरिक मृगौला सम्बन्धी विभिन्न रोगहरुलगायत क्यानसर जस्ता विनाशकारी स्वास्थ्य खर्च को मारमा पर्ने देखाएका छन्। कुनै गम्भीर रोग लागेपछि उपचार खर्चकै कारण परिवार ऋणमा डुब्ने, सम्पत्ति बेच्नुपर्ने वा उपचार नै रोक्नुपर्ने अवस्था आउँछ। सामाजिक स्वास्थ्य बिमा कार्यक्रम पनि अपेक्षित रूपमा प्रभावकारी बन्न सकेको छैन। देशको ठूलो जनसंख्या स्वास्थ्य बिमाभन्दा बाहिर छ। स्वास्थ्य बिमा बोर्डले अस्पतालहरूलाई समयमै भुक्तानी गर्न नसक्दा कतिपय अस्पतालहरूले बिमाका बिरामीको सेवा सीमित गर्न थालेका समाचारहरू सार्वजनिक भएका छन्। स्वास्थ्य बिमा बोर्डले अस्पतालहरूलाई १२ अर्ब रुपैयाँ तिर्न नसकेर ठूला अस्पतालहरूले बिमा कार्डका बिरामीको उपचार नै बन्द गर्न थालेका छन्। नेपालमा सरकारी स्वास्थ्य सेवा कमजोर हुँदा निजी अस्पतालहरूको प्रभाव निरन्तर बढिरहेको छ। यदि सप्ताहान्तमा सरकारी अस्पतालको सेवा प्रभावकारी भएन भने बिरामी निजी अस्पताल जान बाध्य हुन्छन्। निजी अस्पतालको उपचार खर्च सामान्य नागरिकको पहुँचभन्दा बाहिर छ। एउटा सामान्य शल्यक्रियादेखि आइसीयू उपचारसम्म लाखौं रुपैयाँ खर्च हुन सक्छ। धनी वर्गका लागि निजी अस्पताल सहज विकल्प हुन सक्ला, तर गरीब नागरिकका लागि त्यो बिनाशकारी छ। कतिपय परिवार उपचार खर्च जुटाउन जग्गा बेच्न, ऋण लिन वा वैदेशिक रोजगारीमा गएका परिवार सदस्यको कमाइ खर्च गर्न बाध्य छन्।

दुई दिन बिदा दिने हो भने शिक्षामा डिजिटल सिकाइ, अनुसन्धान संस्कृति, प्रयोगात्मक अध्ययन तथा गुणस्तरीय शिक्षण प्रणाली सुदृढ मात्रै होइन क्रेडिट आवर र पाठ्य सामाग्री पनि परिमार्जन गर्न जरुरी छ। नेपाल जस्तो बिपन्न तथा बिकासोन्मुख देशमा स्वास्थ्य क्षेत्रमा सरकारी अस्पताललाई २४ घण्टा प्रभावकारी बनाउनु आवश्यक छ। निजी अस्पताल तथा मेडिकल- क्लिनिकको बिगबिगि भैरहेको बेला स्वास्थ्य क्षेत्र आइतबार होइन शनिबार पनि खुल्ला गरि आम नागरिकलाइ सेवा दिनु जरुरी छ। स्वास्थ्य बिमा प्रणालीलाई विश्वसनीय र प्रभावकारि बनाउन जरुरी छ। गरिब तथा विपन्न नागरिकका लागि निःशुल्क उपचार पहुँच विस्तार गर्दै नेपालिको औसत आयु बढाउँदै मानव सुचाङ्क लाइ बढाउन जरुरी छ। त्यसैगरी निजी अस्पतालहरूको शुल्क र सेवा गुणस्तरमाथि कडा नियमन आवश्यक छ। Human Development Report अनुसार नेपाल १९३ देशमध्ये १४५औं स्थानमा छ, HDI मान ०.६२२ सहित मध्यम मनव विकास श्रेणीमा पर्छ। यो तथ्याङ्क ले पनि नेपालले शिक्षा र स्वास्थ्य मा धेरै लगानी गर्नु पर्ने देखिन्छ। तर शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय तथा सम्बन्धित शैक्षिक कार्यक्रमहरूका लागि नेपाल सरकारले आर्थिक वर्ष २०८०/८१ र २०८१/८२ मा कुल बजेटको क्रमशः ११ प्रतिशत र १० प्रतिशत मात्रै बजेट छुट्याएको थियो भने स्वास्थ्य क्षेत्र मा २०८०/८१ मा ४ दशमलव ८ प्रतिशत र २०८१/८२ मा जम्मा ४.६ प्रतिशत बजेट छुट्याएको थियो।

दुई दिन साप्ताहिक बिदा विकसित देशका लागि आराम, पारिवारिक समय र मानसिक स्वास्थ्य सन्तुलनको प्रतीक हुन सक्छ। तर नेपाल जस्तो संघर्षशील र विकासोन्मुख देशमा यसको प्रभाव नकारत्मक हुन सक्छ। नेपाल जस्तो कमजोर शिक्षा र स्वास्थ्य भएको राष्ट्रले विकासका लागि अनुशासन, उत्पादनशीलता, गुणस्तरीय शिक्षा र सर्वसुलभ स्वास्थ्य सेवा आवश्यक छ। विषेश गरी विश्वविद्यालय तहमा अध्ययन समय घटाउने नीति दीर्घकालीन रूपमा मानव पुँजी कमजोर बनाउने जोखिम बोकेको देखिन्छ भने स्वास्थ्य क्षेत्रमा त झन् गरिब नागरिकमाथि प्रतक्ष्य अन्याय सावित बन्न सछ।

# यी हुन् तोरीको तेलका उपयोगी फाइदा

तोरीको तेल खासगरी भारत, रोम र ग्रिसमा हजारौं वर्षदेखि लोकप्रिय रहँदै आएको छ। सबैभन्दा पहिले यो ३ हजार बीसीमा भारतमा खेति गरिएको अनुमान गरिएको छ। दार्शनिक हिप्पोक्रेटसले तोरीका दानालाई केही निश्चित खालका औषधि बनाउन प्रयोग गर्थे। रोमनहरुले यसलाई रक्सी बनाउन प्रयोग गर्थे भने ग्रिकका प्रख्यात गणितज्ञ पाइथागोरसले बिच्छीले टोकेको उपचारमा प्रयोग गर्थे। यसका साथै तोरीको तेल भारत तथा नेपालमा खाना पकाउन प्रयोग हुँदै आएको छ।

तोरीको तेलमा ६० प्रतिशत मोनोस्याचुरेटेड फ्याट (मुफा), २१ प्रतिशत पोलीअनस्याचुरेटेड फ्याट (पुफा) र १२ प्रतिशत स्याचुरेटेड फ्याट पाइन्छ। यी फ्याटी एसिडलाई असल फ्याट भनिन्छ। यी चिप्लो पदार्थ मुटुको धमनकिा भित्तामा गएर बस्न सक्दैन। यसमा कार्बोहाइड्रेट, फाइबर, प्रोटीन, भिटामिन र मिनरल पाइदैंन। तरकारीको महत्वपूर्ण स्रोत भएकाले यसमा अल्फा लिनोलेनिक एसिड तथा ओमेगा फ्याटी एसिड हुन्छन्। एक चम्चा तोरीको तेलमा ०.८ ग्राम ओमेगा ३ फ्याटी एसिड पाइन्छ। यस्तै, एक टेबलचम्चा तेलमा १२४ क्यालोरी पाइन्छ। जसमा १४ ग्राम फ्याट हुन्छ। जसमध्ये ८.३ ग्राम मोनोस्याचुरेटेड फ्याट पाइन्छ, जुन ओलिभ आयल, अंगुरको बियाँ र बदामको तेलजस्तै हुन्छ।

**क्यान्सरको खतरा घटाउँछ**

अनुसन्धानहरुबाट तोरीको तेलमा क्यान्सरविरुद्ध लड्ने तत्व पाइएको छ। यसमा पाइने लिनोलेनिक एसिड ओमेगा थ्रि फ्याटी एसिडमा परिवर्तन हुन्छ, जसले पेट तथा कोलोन क्यान्सर रोकथाम गर्छ। साउथ डकोटा युनिभर्सिटीको टोलीले गरेको अनुसन्धानले पनि यही कुरालाई प्रमाणित गरेको छ। उनीहरुले कोलोन क्यान्सर लागेको मुसामा तोरी, मकै र माछाको तेल प्रयोग गरेका थिए। तीमध्ये तोरीको तेलले बढी काम गरेको पाइएको थियो।

**मुटुका लागि उपयोगी**

तोरीको तेलमा मोनोस्याचुरेटेड र पोलिअनस्याचुरेटेड फ्याटी एसिड प्रशस्तमात्रामा पाइन्छ। यसका साथै ओमेगा थ्रि र ओमेगा सिक्स फ्याटी एसिड पनि पाइन्छ। यी फ्याटी एसिडले मुटु रोगको खतरा ५० प्रतिशतले कम गर्न मद्दत पुऱ्याउँछन्। तोरीको तेल हाइपोकोलेस्टेरोलेमिक (कोलेस्टेरोल घटाउने) र हाइपोलिपिडेमिक (लिपिड घटाउने) तत्व पाइन्छ। यसले एलडीएल (खराब) कोलेस्टेरोल घटाई र एचडिएल (असल) कोलस्टेरोल बढाउँछ। यसबाट मुटु रोगको खतरा कम हुन्छ।



**प्राकृतिक शक्तिबर्द्धक**

तोरीको तेललाई प्राकृतिक शक्तिबर्द्धकका रुपमा लिइन्छ। तोरीको तेलले छालामा मसाज गर्दा रक्तसन्चार प्रणाली र पसिना ग्रन्थीमा सुधार ल्याउँछ। यसका साथै यसले पाचन प्रणालीमा सुधार ल्याउँछ।

**चिसो र रुघा निको पार्छ**

तोरीको तेल लामो समयदेखि चिसो हटाउने प्राकृतिक पदार्थका रुपमा प्रयोग हुँदैं आएको छ। यसमा तातो बनाउने तत्व हुन्छ, जसले श्वासप्रश्वास नलीलाई सफा पार्छ। रुघा लागेको बेला तातो पानीमा जिरा र केही चम्चा तोरीको तेल हालेर बाफ लिने हो भने रुघा निको हुन्छ र घाँटी सफा पार्छ।

**जोर्नी दुख्ने र बाथ निको पार्छ**

तोरीको तेलले नियमित मसाज गर्ने हो भने शरीरमा रक्तसन्चार बढाई जोर्नी दुख्ने र बाथको समस्या निको हुन्छ। यसमा हुने ओमेगा थ्रि फ्याटी एसिडले बाथसम्बन्धी दुखाईलाई हटाउने तत्वका रुपमा काम गर्छ।

**शरीरका अंगहरुको कार्यमा सुधार ल्याउँछ**

तोरीको तेलले मसाज गर्ने हो भने शरीरमा रक्तसन्चारलाई बढाई ताजा महसुस गराउँछ र अंगहरुको कार्यक्षमता पनि बढ्छ। नवजात शिशुलाई तोरीको तेलले मसाज गर्ने चलन धेरै देशमा छ। यसले शरीर बलियो बनाउने, स्वास्थ्य राम्रो बनाउने र ताप दिने कुरा अध्ययनबाट पनि प्रमाणित भएका छन्।

**दममा उपयोगी**

दम यस्तो रोग हो, जसको कुनै उपचार छैन। तर तोरीको तेलको उपयोगले यसको लक्षण र प्रभावलाई व्यवस्थित गरी घटाउन सकिन्छ। यो दमका लागि सबैभन्दा बढी प्रभावकारी सुरक्षित उपाय हो। खैरो तोरीको तेल छातिमा लगाउने हो भने फोक्सोमा हावाको आपूर्ति बढ्छ। एक टेबलचम्चा शुद्ध तोरीको तेललाई महमा मिसाएर दिनको तीनपटक खाने हो भने दमको आक्रमणलाई रोक्न सकिन्छ।

यसका साथै तोरीको तेलमा अन्य फाइदा
मष्तिष्कको कार्यक्षमता बढाउँछ
दाँत सेतो बनाउँछ र दाँतसम्बन्धी समस्या हटाउँछ
छाला स्वस्थ बनाउन मद्दत गर्छ
शरीरका काला धब्बा हटाउँछ
प्राकृतिक सनस्क्रीनको काम गर्छ
छाला सुख्खा हुन दिँदैंन र संक्रमणबाट जोगाउँछ
कपाल झर्नबाट जोगाउँछ, सुख्खा हुन दिँदैंन
कपाल चाँडै फुल्न दिँदैंन, तोरीको तेल लेचायाँ पर्न दिँदैंन।

# झरना रनिङ शिल्डको उपाधि चरंगे युथलाई, जित्यो चार लाख नगद पुरस्कार

बुटवल। रुपन्देहीको तिलोत्तमा कुन्जलापुरमा सम्पन्न ३८औं झरना रनिङ शिल्ड नकआउट फुटबल प्रतियोगिताको उपाधि चरङे युथ क्लब देवदहले जितेको छ।

उमा आधारभूत विद्यालयको खेल मैदानमा आइतवार भएको फाइनल खेलमा गोर्खा ब्वाईज क्लव बुटवललाई एकका विरुद्ध तीन गोलले पछाडी पार्दै चरङे युथ क्लवले उपाधी जितेको हो। उपाधि जितेसंगै चरङे युथ क्लवले ४ लाख तथा उपविजेता गोर्खा ब्वाईज क्लवले २ लाख रुपैयाँ नगद , शिल्ड र प्रमाणपत्र प्राप्त गरेका छन्।

प्रतियोगितामा विजेता तथा उप-विजेता टीमलाई तिलोत्तमा नगर पालिकाका नगर प्रमुख रामकृष्ण खाँण र आयोजक झरना स्पोर्टस् क्लबका अध्यक्ष धनेन्द्र पौडेल, तिलोमा नगर खेलकुद विकास समिति संयोजक लोक पुनलगायतले पुरस्कार तथा प्रमाणपत्र प्रदान गरे।

प्रतियोगितामा गोर्खा ब्वाईजका विदेशी खेलाडी सिल्ला उत्कृष्ट डिफेन्डर, चरङेका कृष्ण आले उत्कृष्ट मिड फिल्डर , चरङेकै भिम पुन उत्कृष्ट गोलकिपर , चरङेकै अभिनास उत्कृष्ट खेलाडी र आयोजक झरनाका दिपसन सापकोटा उदियमान खेलाडीका रुपमा पुरस्कृत भएका छन्।

---

**बूढीगण्डकी ...**

बाढी प्रभावित क्षेत्र गोरखाको चुमनुब्री, धार्चे र आरुघाट गाउँपालिकामा सेनाको चार वटा हेलिकप्टर परिचालन भएको थियो। पूर्वाधार विकास मन्त्रालयका सहसचिव भीमार्जुन अधिकारीले बाढीपहिरोका कारण बर्सेनि सडक पुल पूर्वाधारमा अर्बौंको क्षति हुँदै आएको बताए । जलवायु परिवर्तनका कारण बाढीपहिरोको स्वरूप र त्यसको क्षति पनि आंकलन गर्नेभन्दा बाहिरको अवस्था रहेको उनको भनाइ छ। २०५० सालमा त्रिशूली नदीमा आएको बाढीपछि नेपालमा त्यस्ता खालका बाढी नआएको भन्दै उनले तर, ४/५ वर्ष अवधिमै साँफेबगर, मेलम्ची, जोमसोम-कोरला, मेची राजमार्ग, बीपी राजमार्गको रोशी खोला र अहिले भोटेकोशी हुँदै रसुवामा आएको बाढी र त्यसपछिको विपद् सामना गरिरहेको बताए।

सरकारले अहिलेसम्म बाढीपहिरोका कारण हुन सक्ने सम्भावित क्षति र त्यसको पुनर्निर्माणका लागि छुट्टै इकाइ खडा नगरेको भन्दै उनले अहिले विपद् केन्द्रित मर्मतसम्भार तथा विपद् उत्थानशील इकाइ (मेन्टिनेन्स एन्ड डिजास्टर रेजिलियन्स युनिट) स्थापना गर्ने गरी गृहकार्य अघि बढाएको बताए। '४/५ वर्षको अवधिमा ठूला महाविपद्पछि हामीले अब डिजाइन कोड नै पुनरावलोकन गर्न जरुरी छ, अहिले बाढीमा पानी मात्रै बग्दैन, त्यसमा लेदोसहित ठूलो गेग्रान पनि बगेर क्षति पुऱ्याएको छ,' अधिकारीले भने-'माथिल्लो तटीय क्षेत्रमा बढी क्षति र तल्लो तटीय क्षेत्रमा कम असर गरेको देखिन्छ, अब डिजाइन कोड परिवर्तन गरी माथिल्लो भेगमा सोही किसिमका सडक र पुलको डिजाइन बनाउन आवश्यक छ ।' अबका पूर्वाधार निर्माण जलवायु उत्थानशील हुनुपर्नेमा दुई मत नभएको पनि उनले बताए । पूर्वाधार निर्माण गर्दा सुरु चरणदेखि नै जलवायु उत्थानशील हुनेखालको डिजाइन र सुरक्षाका विभिन्न कोणबाट हेरिनुपर्नेमा उनले जोड दिए। अहिले सरकारको लगानी नयाँ परियोजनामा भन्दा पनि बढी बाढीपहिरोको विपद्पछि भत्किएका सडक पुल पुनर्निर्माणमा खर्चिनुपरेको उल्लेख गरिएको छ।

**विपद्मा...**

संकटको घडीमा सबै पक्षलाई समेटेर एउटा समिति समेत बनाउन नसक्नु सरकारको कमजोरी भएको उनको टिप्पणी थियो।

उनले भने-'सरकार फराकिलो मन र फराकिलो पनका साथ उद्धार कार्यमा अगाडि बढोस् । सरकारले एउटा सर्वदलीय समिति सम्म बनाउने फराकिलोपन पनि देखाउन सकेन । कति साँघुरो मन, साँघुरोपन देखायो ।' साथै, अन्तर्राष्ट्रिय समुदायबाट प्राप्त सहयोगलाई समयमै स्वीकार र सदुपयोग गर्न नसक्दा उद्धार प्रभावित भएको उनले दाबी गरे । 'वैदेशिक सहयोगको उचित सदुपयोग गर्न सकिएन । समयमा स्वीकार नगर्दा अनावश्यक रूपमा उद्धार अभियानको अभावमा थुप्रै नागरिकले ज्यान गुमाउनुपरेको मान्न सकिन्छ।'-ओलीले भने। सरकारको मुख मात्र ताकेर नबस्न आग्रह गर्दै अध्यक्ष ओलीले आफ्ना नेता तथा कार्यकर्तालाई बूढीगण्डकी बाढी प्रभावितको उद्धार र राहतमा तत्काल खटिन निर्देशन दिएका छन्। 'आज फेरि अर्को विपत्ति आइरहेको छ, बूढीगण्डकीमा बाढी गएर । केही घर बगाएको छ, केही व्यक्ति बेपत्ता हुनुभएको छ र निकै ठूलो क्षति भएको छ,' ओलीले भने-'यस विपत्तिको घडीमा उद्धार र राहत कार्यमा जुट्न तथा आवश्यकताअनुसार पुनर्निर्माण एवं पुनःस्थापनामा सहयोग गर्न पार्टीका सम्पूर्ण नेता तथा कार्यकर्तालाई आग्रह गर्न चाहन्छु।'

**मंसिर पहिलो ...**

त्यसैगरी, तिलोत्तमा नगरभित्र रहेका पर्यटकीय तथा धार्मिक स्थलका बारेमा जानकारी दिने प्रदर्शनी र नैतिक शिक्षासम्बन्धी सामग्री राखिनेछ । यसबाट मेला अवलोकन गर्न आउने सर्वसाधारण तथा विद्यार्थीले मनोरञ्जनसँगै स्थानीय सम्पदा, वातावरण र सामाजिक मूल्यमान्यताबारे जानकारी प्राप्त गर्न सक्ने अपेक्षा गरिएको छ।

मेलामा दैनिक राष्ट्रिय तथा स्थानीय कलाकारका सांस्कृतिक प्रस्तुति रहनेछन्। विभिन्न सांस्कृतिक कार्यक्रम, मनोरञ्जनात्मक गतिविधि र बाल उद्यानको व्यवस्थाले मेलालाई सबै उमेर समूहका दर्शकका लागि आकर्षक बनाउने आयोजकको योजना छ। व्यापारिक प्रदर्शनीसँगै सांस्कृतिक कार्यक्रम समावेश गर्दा दर्शकको सहभागिता बढ्ने र त्यसले स्टलमा हुने कारोबारलाई समेत सहयोग पुग्ने अपेक्षा गरिएको छ । विशेष कार्यक्रम तथा कन्सर्टका लागि छुट्टै टिकट दर निर्धारण गरिएको छ।

मेलाको सामान्य प्रवेश टिकट १५० रुपैयाँ तोकिएको छ भने विशेष कार्यक्रम तथा कन्सर्टका लागि ४०० देखि ५०० रुपैयाँसम्म शुल्क लाग्नेछ । ज्येष्ठ नागरिकले परिचयपत्रका आधारमा निःशुल्क प्रवेश पाउनेछन् । पाँच वर्षभन्दा कम उमेरका बालबालिका तथा परिचयपत्रका आधारमा फरक क्षमता भएका व्यक्तिका लागि पनि निःशुल्क प्रवेशको व्यवस्था गरिएको छ।

नगरपालिकाको सिफारिसमा आउने २५ जनासम्मको समूहलाई निःशुल्क प्रवेश दिइनेछ । विद्यार्थीले परिचयपत्र देखाएर टिकटमा ५० प्रतिशत छुट पाउने व्यवस्था गरिएको संघले जनाएको छ।

आयोजकले मेलालाई व्यवस्थित, सुरक्षित, मर्यादित र सहभागितामूलक बनाउन सम्बन्धित सरकारी निकाय, वित्तीय संस्था, शैक्षिक संस्था, सामाजिक संघसंस्था तथा निजी क्षेत्रसँग समन्वय गर्ने जनाएको छ । मेला सञ्चालनका क्रममा पारदर्शिता, सामाजिक उत्तरदायित्व, वातावरणीय सचेतना र सामूहिक सहभागितालाई प्राथमिकता दिइने संघको भनाइ छ। मेलालाई सफल बनाउन उद्योगी, व्यवसायी, सरकारी तथा वित्तीय संस्था, शैक्षिक क्षेत्र, सामाजिक संघसंस्था र आम नागरिकलाई सहकार्यका लागि आग्रह गरिएको छ।

स्थानीय उत्पादनको बिक्री तथा प्रवर्द्धन, उपभोक्तासँगको प्रत्यक्ष सम्पर्क, व्यवसाय विस्तार र पर्यटकीय पहिचान अभिवृद्धि गर्ने अवसरका रूपमा मेलालाई उपयोग गर्ने आयोजकको लक्ष्य छ । पाँच लाखभन्दा बढी दर्शकको सहभागिता र १२ करोड रुपैयाँभन्दा बढीको कारोबार गर्ने लक्ष्य पूरा भएमा यसले तिलोत्तमा क्षेत्रको व्यापारिक गतिविधि विस्तारमा उल्लेख्य योगदान पुऱ्याउने अपेक्षा गरिएको छ।

संघले मेलालाई स्थानीय अर्थतन्त्र चलायमान बनाउने, व्यवसायीबीचको सम्बन्ध सुदृढ गर्ने र तिलोत्तमालाई औद्योगिक तथा व्यापारिक गतिविधिको आकर्षक केन्द्रका रूपमा चिनाउने अवसरका रूपमा अघि सारेको छ।

## गाउँबासीहरुमा हार्दिक अनुरोध

- समयमा कर तिरौं जरिवानाबाट बचौं।
- गाउँपालिकाले तय गरेका सडक मापदण्डमा कुनै संरचना निर्माण नगरौं।
- समयमा उपभोक्ता समिति गठन गरी निर्धारित मितिमा काम सम्पन्न गरौं,ध्यान दिऔं। वास्तविक लागत सहभागिता गरी योजनाको अपनत्व आफैं लिऔं।
- विकास निर्माणमा सबैले चासो दिउँ र सहभागी बनौं।
- आफ्नो घर अगाडि नाला तथा ढल सरसफाई गरी सभ्य नागरिकको पहिचान दिउँ।
- आफ्नो घरबाट निस्कीने फोहर व्यवस्थापन गरौं, कुहिने फोहरलाई प्रारम्भिक मल बनाऔं, नकुहिने फोहरलाई उचित व्यवस्थापन गरौं।
- पानी उमालेर वा फिल्टर गरेर मात्र पिउने गरौं। आर्सेनिक युक्त पानी नपिऔं।
- घरेलु हिंसा जघन्य अपराध हो। समाजमा यस्ता घटना भएमा कानुनी उपचार अवलम्बन गरौं।

अनुरोधक
पाल्हिनन्दन गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बेलासपुर नवलपरासी (ब.सु.प) लुम्बिनी प्रदेश, नेपाल

## हार्दिक अनुरोध

- समयमै कर तिरौं।
- सेवा लिइसकेपछि प्राप्त रसिदमा सवारी साधन नं. मिति रकम र अन्य विवरण रुजु एकिन गरेर मात्र गन्तव्यमा लागौं।
- विगतमा सवारी साधन कर नबुझाएका सवारी साधनको हकमा वि.सं.२०८३ साल चैत मसान्तसम्म सवारी साधन कर तिरी नवीकरण गर्न आएमा सवारी साधनका करमा लाग्ने कुल जरिवानाको पचास प्रतिशत छुटको प्रावधान छ।
- सवारी साधन र अन्य कर तथा शुल्कको जानकारीका लागि लुम्बिनी प्रदेश सरकारको आर्थिक ऐन २०८३ हेरौं ।

यातायात व्यवसायी सेवा कार्यालय
भैरहवा, रुपन्देही




नेपालीहरूको महान् पर्व बडादसैं, तिहार ,छठपर्व एवं नेपाल संबंत २०८३ को पावन अवसरमा सम्पूर्ण सेवाग्राही, सदस्य, सहयोगी, शुभेच्छुक, कर्मचारी, स्वयंसेवक तथा देश-विदेशमा रहनुभएका सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा सुख, शान्ति, सुस्वास्थ्य, दीर्घायु र उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौँ। यस पावन पर्वले आपसी सद्भाव, एकता, प्रेम, भाइचारा र सामाजिक सहकार्यलाई अझ सुदृढ बनाउँदै सबैमा सकारात्मक सोच, नयाँ ऊर्जा र उत्साह प्रदान गरोस् । सामाजिक न्याय, समावेशिता, मानवता र समृद्ध समाज निर्माणको हाम्रो साझा अभियानमा थप प्रेरणा मिलोस् भन्ने हार्दिक शुभेच्छा व्यक्त गर्दछौँ।

दुर्गा अर्याल
सचिव

त्रिलोचन घिमिरे
अध्यक्ष

सिद्धार्थ सामाजिक केन्द्र, परिवार
वाणगंगा, कपिलवस्तु




नेपालीहरूको महान् पर्व बडादसैं, तिहार , छठपर्व , एवं नेपाल संबंत २०८३ को पावन अवसरमा सम्पूर्ण विद्यार्थी, अभिभावक, शिक्षक, कर्मचारी, विद्यालय व्यवस्थापन समिति, पूर्वविद्यार्थी तथा देश-विदेशमा रहनुभएका सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा सुख, शान्ति, सुस्वास्थ्य, दीर्घायु र उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौँ। यस पर्वले आपसी सद्भाव, एकता, प्रेम र भाइचारालाई थप सुदृढ बनाउँदै सबैमा सकारात्मक सोच र नयाँ उत्साह प्रदान गरोस्।

डम्बर शर्मा
अध्यक्ष

रविबहादुर काफ्ले
कोषाध्यक्ष

वेदराज अर्याल
क्याम्पस प्रमुख

सिद्धार्थ क्याम्पस, परिवार
वाणगंगा, कपिलवस्तु




## सार्वजनिक सेवा लिंदा ध्यान दिऔं।

- आफूले लिने सेवाका सम्बन्धमा जानकारी राखौं,
- आवश्यक कागजात / प्रक्रिया पूरा गरौं,
- नागरिक बडापत्रका बारेमा जानकारी राखौं,
- आधिकारिक सेवा प्रदायकबाट मात्र सेवा लिऔं,
- सेवा प्राप्त गर्दा विचौलियाको प्रयोग नगरौं।
- सकेसम्म अनलाईनबाटै सेवा लिने र दिने गरौं,
- जेष्ठ नागरिक, अपाङ्गता भएका तथा अशक्त व्यक्तिलाई प्राथमिकता दिऔं,
- सेवा प्रवाहमा समस्या देखिए सम्बन्धित निकायमा सम्पर्क गरौं,
- अनियमितता र भ्रष्टाचारबिरुद्ध उजुरी गरौं,
- सार्वजनिक सेवालाई सरल, सहज र पारदर्शी बनाऔं।

अनुरोधक
सरावल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
नवलपरासी (ब.सु.प) लुम्बिनी प्रदेश, नेपाल




नेपालीहरुको महान चाड विजया दशमी, शुभदीपावली तथा छठ पर्व-२०८३ को पावन अवसरमा सम्पूर्ण कर्मचारी एवम् शुभचिन्तक तथा देश विदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

आनन्द वन शंकरनगर खानेपानी उपभोक्ता तथा सरसफाई संस्था परिवार
ति.न.पा.-१, ड्राइभरटोल, रुपन्देही




नेपालीहरुको महान चाड विजया दशमी, शुभदीपावली तथा छठ पर्व-२०८३ को पावन अवसरमा सम्पूर्ण सम्पूर्ण शेयर सदस्य, कर्मचारी एवम् शुभचिन्तक तथा देश विदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

दुर्गा प्रसाद खरेल
अध्यक्ष

श्री परमानन्द बचत तथा ऋण सहकारी संस्था लि. परिवार
तिलोत्तमा-५, नयाँमिल, रुपन्देही

## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं।
क्षेत्र: लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
विशाल सेनेटरी
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्।
लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ।

सम्पर्क:
तिनाउ सेनेटरी
बुटवल-१०, सुख्खानगर, रुपन्देही,
फोन: ९८५७०५८८१३,९८०७१८०८१३

## ट्वाइलेट सफा गराउनुहोस्

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्क:
सीताराम सफा सेनेटरी
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

दैनिक लुम्बिनी

# भूगर्भ सिमेन्टको निःशुल्क स्वास्थ्य शिविरबाट तीन सय २५ जना लाभान्वित



अर्घाखाँची । अर्घाखाँचीको सन्धिखर्क नगरपालिका-७, खाँचीकोटमा आयोजित एकदिने बृहत् निःशुल्क स्वास्थ्य शिविरबाट ३२५ जना नागरिक लाभान्वित भएका छन् । भूगर्भ सिमेन्ट लिमिटेडको आयोजना, सन्धिखर्क नगरपालिका-७ को सहजीकरण तथा अर्घाखाँची अस्पताल प्रा.लि.को प्राविधिक सहयोगमा शिविर सम्पन्न भएको हो ।

शिविरबाट सन्धिखर्क नगरपालिका-६ र ७ तथा भूमिकास्थान नगरपालिकाका स्थानीय बासिन्दाले स्वास्थ्य परीक्षण, विशेषज्ञ चिकित्सकबाट परामर्श र आवश्यक औषधि निःशुल्क प्राप्त गरेका थिए । बिहान ९ बजेदेखि सुरु भएको शिविर साँझ ५ बजेसम्म सञ्चालन भएको थियो ।

शिविरमा सेवा लिएका सन्धिखर्क नगरपालिका-७ का ८९ वर्षीय भविश्वर थापाले घरदैलोमै स्वास्थ्य सेवा पाउँदा खुसी व्यक्त गरे । "उमेर ढल्कँदै गएपछि टाढा जान पनि गाह्रो हुन्छ । आफ्नै टोलमा डाक्टर आएर जाँच गरी सित्तैमा औषधि दिँदा हामीजस्ता वृद्धवृद्धालाई ठूलो कल्याण मिलेको छ ।"- उनले भने ।

त्यस्तै, स्थानीय तारादेवी थापाले पनि ग्रामीण बस्तीका नागरिकलाई लक्षित गरी सञ्चालन गरिएको शिविरबाट सहज रूपमा स्वास्थ्य सेवा पाउँदा खुसी लागेको बताइन् । भौगोलिक विकटता र आर्थिक कठिनाइका कारण स्वास्थ्य संस्थासम्म पुग्न नसक्ने नागरिकका लागि यस्ता शिविर प्रभावकारी हुने उनको भनाइ थियो ।

कार्यक्रममा जिल्ला समन्वय समिति अर्घाखाँचीका प्रमुख जीवनारायण कोइरालाले शिविर प्रभावकारी र रचनात्मक रहेको बताउँदै स्थानीय नागरिकलाई सहज स्वास्थ्य सेवा उपलब्ध गराउन भूगर्भ सिमेन्टले सामाजिक उत्तरदायित्वअन्तर्गत खेलेको भूमिकाको प्रशंसा गरे ।

सन्धिखर्क नगरपालिकाका प्रमुख कृष्णप्रसाद श्रेष्ठले चुनढुङ्गा उत्खननबाट प्रभावित क्षेत्रमा सम्झौताअनुसारका काम पूरा गर्न भूगर्भ सिमेन्टलाई आग्रह गरे । उनले नागरिकको स्वास्थ्य र वातावरणलाई प्राथमिकतामा राख्नुपर्नेमा जोड दिँदै खानी सञ्चालनका क्रममा गरिएका सबै सम्झौता अक्षरशः कार्यान्वयन गर्नुपर्ने बताए ।

नगरप्रमुख श्रेष्ठले सन्धिखर्क नगरपालिका नागरिकको स्वास्थ्यप्रति सधैँ प्रतिबद्ध र संवेदनशील रहेको उल्लेख गर्दै विद्यालयलगायत स्थानीय सङ्घसंस्थालाई कम्पनीले उपलब्ध गराउँदै आएको सहयोग सकारात्मक रहेको बताए । सामाजिक उत्तरदायित्वअन्तर्गत उद्योगले स्थानीय समुदायसँग सहकार्य गर्नु महत्त्वपूर्ण रहेको उनको भनाइ थियो ।

शिविरमा फिजिसियन सेवा, पेट, छाती, मुटु, रक्तचाप, मधुमेह तथा थाइराइडसम्बन्धी परीक्षण र परामर्श उपलब्ध गराइएको थियो । त्यसैगरी भिडियो एक्सरे, नाक-कान-घाँटी, छाला तथा यौनरोग, कुष्ठरोग, सौन्दर्यसम्बन्धी समस्या, हाडजोर्नी, नशा तथा बाथरोग, प्रसूति तथा स्त्रीरोग, बालरोग र आँखासम्बन्धी विशेषज्ञ सेवा प्रदान गरिएको थियो । आवश्यकताअनुसार प्राथमिक औषधिसमेत निःशुल्क वितरण गरिएको आयोजकले जनाएको छ ।

शिविरमा फिजिसियन डा. पवन कटुवाल, वरिष्ठ रेडियोलोजिस्ट डा. देवराज कँडेल, नाक-कान-घाँटी रोग विशेषज्ञ डा. महेश पोखरेल, छाला तथा यौनरोग विशेषज्ञ डा. आशु शर्मा, हाडजोर्नी तथा नशारोग विशेषज्ञ डा. साकार ढकाल, प्रसूति तथा स्त्रीरोग विशेषज्ञ डा. इन्सु शर्मा र बालरोग विशेषज्ञ डा. विजय भुसाललगायत स्वास्थ्यकर्मीले सेवा दिएका थिए ।

कार्यक्रममा सन्धिखर्क नगरपालिका-७ का वडाध्यक्ष चुराबहादुर केसी, नेपाल पत्रकार महासङ्घ अर्घाखाँचीका अध्यक्ष गणेश खनाल, अर्घाखाँची अस्पतालका अध्यक्ष नारायण पौडेललगायतले मन्तव्य राखेका थिए । स्थानीय बासिन्दाले एकै स्थानमा विभिन्न विशेषज्ञ चिकित्सकबाट स्वास्थ्य परीक्षण तथा परामर्श सेवा पाउँदा खुसी व्यक्त गरेका थिए ।

कार्यक्रममा भूगर्भ सिमेन्टका कार्यकारी प्रमुख नन्दकेशर पौडेलले उद्योग समाजमा स्थापित भएपछि समाजप्रति उत्तरदायी र जवाफदेही हुनु उसको दायित्व भएको बताए । यही मान्यताअनुरूप कम्पनीले विद्यालयमा पोसाक वितरण, चेकड्याम निर्माण, वृक्षरोपणलगायत विभिन्न सामाजिक सहयोगका कार्यक्रम सञ्चालन गर्दै आएको उनले जानकारी दिए ।

आगामी दिनमा पनि स्थानीय समुदायको आवश्यकता र हितलाई ध्यानमा राख्दै सामाजिक उत्तरदायित्वअन्तर्गतका कार्यक्रमलाई निरन्तरता दिने प्रतिबद्धता उनले व्यक्त गरे ।

ADVT.

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com